११ कार्तिक, २०८१

श्री वेपत्ता पारिएका व्यक्तिको छानविन एवम् सत्य निरुपण तथा मेलमिलाप आयोग पदाधिकारी सिफारिस समिति,
सिंहदरवार, काठमाडौं ।

**विषय: विश्वसनीय, पारदर्शी र सार्वजनिक छनौट प्रक्रियाद्वारा स्वायत्त, निष्पक्ष र सक्षम व्यक्तिहरुलाई सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका पदाधिकारीमा सिफारिस गर्ने सम्बन्धमा विशेष ध्यानाकर्षण सम्बन्धमा ।**

माननीय अध्यक्ष तथा सदस्यज्युहरु,

उपरोक्त सम्बन्धमा नेपाल सरकारले २०८१ कार्तिक २ गते सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा पदाधिकारी नियुक्ति गर्न सिफारिसका लागि सिफारिस समिति गठन भई कार्यप्रारम्भ गरेको सम्बन्धमा हामी द्वन्द पीडित एवं मानब अधिकार समुदाय गम्भीर चासो व्यक्त गर्दछौ | विश्वसनीय र पारदर्शी छनौट प्रक्रिया नै आयोगको विश्वसनीयता र सफलताको मुख्य आधार हो |

बिगतमा २/२ पटक आयोग गठन गर्दा विश्वसनीय बनाउनका लागि पीडित समुदाय एवं नागरिक समाजले पटकपटक राखेका चासोहरूलाई समुचित सम्बोधन गरिएन | दलीय भागवण्डामा सिफारिस गरिएका उम्मेदवारहरुलाई नै सिफारिस गरियो | फलत संक्रमणकालीन न्याय प्रक्रिया सम्बोधन गर्ने, पीडितलाई न्याय दिने इच्छा शक्ति भएका, विश्वसनीय कार्ययोजना, प्रतिवद्दता र क्षमता भएका व्यक्तिहरुलाई पहिचान गर्नुको साटो दलीय भागवण्डामा प्राप्त व्यक्तिहरुलाई सिफारिस गरेकाले नै आयोग असफल हुन पुगेको तथ्य जगजाहेरै छ |

तसर्थ अहिलेको सिफारिसले कत्तिको विश्वसनीय र पारदर्शी छनौट प्रक्रिया अवलम्बन गर्दछ भनेर द्वन्द पीडित, नागरिक समाज एवं अन्तर्राष्ट्रिय समुदायले समेत चासोकासाथ नियालिरहेका छन् | सिफारिस प्रक्रिका सम्बन्धमा संशोधित ऐनको दफा ३ उपदफा २ (ख) मा सूचीमा परेका व्यक्तिहरुको पृष्ठभूमि तथा निजको सम्बन्धमा प्राप्त प्रतिक्रिया समेतको आधारमा उपयुक देखिएका व्यक्तिलाई आयोगको अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिका लागि सिफारिस गर्ने वाक्यांश थपिएको छ र उपदफा ६ मा छनौट सम्बन्धि अन्य ब्यबस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ भन्ने व्यवस्था थपिएको छ |

सिफारिस समितिको कार्यभाए एवं अधिकारका रुपमा रहेका ऐनका उक्त ब्यबस्थाहरुलाई सिफारिस समितिले स्वतन्त्र रुपले भरपुर उपयोग गर्नुपर्दछ | दलीय हस्तक्षेप विना स्पष्ट मापदण्ड र पारदर्शी सार्वजनिक छनौट प्रक्रिया अबलम्वन गरेर योग्यता, क्षमता र अनुभवका आधारमा विश्वसनीय पदाधिकारीहरु सिफारिस गर्ने पूर्ण अधिकार सिफारिस समितिले उपयोग गर्नुपर्दछ | विश्वसनीय, पारदर्शी र सार्वाजनिक छनौट प्रक्रिया अपनाउनका लागि द्वन्द पीडित एवं मानब अधिकार समुदाय तपशील बमोजिमका सवालहरुमा समितिको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छ |

१. सिफारिस प्रक्रियालाई विश्वसनीय, परामर्शयुक्त, पारदर्शी र परिणामयुक्त बनाउनका लागि छनौट निर्देशिका निर्माण गर्नुपुर्व नै सिफारिस समितिले द्वन्द पीडित, नागरिक समाज, बिज्ञ एवं सरोकारवाला पक्षसंग परामर्श गर्नुपर्दछ | परामर्शवाट प्राप्त सुझाब, ऐनका प्राबधान, पेरिस सिद्दान्त लगायतका ब्यबस्था अवलम्बन गरी

आयोगमा पदाधिकारी सिफारिस गर्नका लागि स्पष्ट मापदण्ड र पारदर्शी र विश्वसनीय सार्वजनिक छनौट प्रक्रियासम्बन्धि निर्देशिका बनाउने |

२. जागिरे मानसिकता एवं राजनैतिक नियुक्तिको मानसिकताले निबेदन हाल्ने अधिकांश व्यक्तिहरुबाट यो राष्ट्रिय कार्यभार निष्कर्षमा पुग्न नसक्ने बिगतको अनुभवले सिद्द गरेको छ | योग्यता पुगेका व्यक्तिबाट आवेदन लिने एवं कुनै संस्था वा व्यक्तिले आयोगको अध्यक्ष वा सदस्यको रूपमा नियुक्त हुन योग्य रहेको भनी अरू कसैको हकमा पनि आवेदन दिन वा मनोनयन गर्न सकिने ब्यबस्था गर्ने |

३. द्वन्दकालीन घटनाको न्यायिक निरुपण गर्ने यस राष्ट्रिय दायित्वलाई पुरा गर्ने क्षमता भएका व्यक्तिहरु सिफारिस समितिमा निबेदन हाल्न नआउने भएकोले त्यस्ता सक्षम व्यक्तिहरुलाइ बिना राजनैतिक भागवण्डा सिफारिस समितिले पहिचान गरी सुचिकृत गर्ने | समितिले आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्त हुन इच्छुक, ऐनको दफा ४ बमोजिमको योग्यता पुगेका व्यक्तिबाट निश्चित समय सीमा तोकी सार्वजनिक सूचना जारी गरी आवेदन लिने एवं आवश्यक व्यक्तिलाई बमोजिम मनोनयन गर्ने ।

४. सिफारिस समितिले निर्देशिकामा आवेदन माग गर्दा एवं एवं सम्भावित सक्षम र योग्य व्यक्तिहरु सुचिकृत गर्दा शैक्षिक प्रमाणपत्र मात्र नभई बुदा नम्बर ४ मा उल्लेखित अनुभव, योगदान, क्षमता लगायतका मापदण्डलाई आधार बनाउने, आवेदन साथ यस राष्ट्रिय कार्यभारलाई समाधान गर्ने कार्ययोजना समेत समावेश गर्ने ब्यबस्था गर्ने |

५. आयोगमा प्राप्त आवेदन तथा मनोनयनलाई समितिले तोकिएको योग्यताको आधारमा मूल्यांकन तथा उनीहरूको पृष्ठभूमि अध्ययन गरी उपयुक्त देखिएका उम्मेदवारहरूको संक्षिप्त सूची तयार गर्ने।
सुचिकृत गर्दा तपशील बमोजिमका योग्यता र अनुभवलाई ध्यान दिने

- मानवअधिकार, द्वन्द्व व्यवस्थापन तथा संक्रमणकालिन न्यायको क्षेत्रमा उल्लेखनीय अनुभव, विज्ञता र योगदान भएको,
- मानव अधिकारको सवाल, मूल्य र मान्यताप्रति प्रतिवद्ध भएको
- व्यक्तिगत, सार्वजनिक, आर्थिक जीवन र सामाजिक हैसियतमा कुनै प्रश्न नउठेको
- पीडित मैत्री चरित्र भएको, लैङ्गिकमैत्री व्यवहार एवं पीडाको गाम्भीर्यता बुझेको, सहकर्मी एवं समूहमा मिलेर काम गर्नसक्ने, सञ्चार तथा व्यवस्थापकीय क्षमता भएको,
- द्वन्द पीडित, मानव अधिकार समुदाय, सरकार राजनितिक दल तथा अन्तर्राष्ट्रिय समुदाय, लगायत सरोकारवालहरुसको विश्वास, सहकार्य र सहयोग हासिल गर्न एवं नेतृत्व गर्ने क्षमता भएको,
- उच्च नैतिक चरित्र एवं उच्च सामाजिक प्रतिष्ठा भएको,
- द्वन्दको कुनै पक्षमा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न नभएको, स्वार्थको द्वन्द नभएको, बिगतमा मानव अधिकार उल्लंघनको आरोपीको पक्षमा वकालत नगरेको,
- द्वन्दको राजनीतिक प्रकृति र ऐतिहासिक पक्षको ज्ञान तथा अनुभव भएको,
- नेपालको अन्तर्राष्ट्रिय दायित्व र राष्ट्रिय विशेषताको विश्लेषण गर्न सक्ने क्षमता भएको,

- दलीय प्रभाव र दवावबाट मुक्त भएर काम गर्न सक्ने, दलीय स्वार्थभन्दा माथि उठ्न सक्ने,
- द्वन्द्व पीडितका पीडा, संवेदनशीलता र सवालहरुलाई आत्मसात गर्नसक्ने, राजनीति एवं मानवअधिकार बुझेको, न्यायिक मन भएको

६. संक्षिप्त सूचीमा समाविष्ट भएका उम्मेदवारको उम्मेदवारीको समर्थन वा विरोधमा कुनै सूचना, प्रतिक्रिया वा जानकारी भएमा समितिसमक्ष उपलब्ध गराउनका लागि समय सीमा तोकी सार्वजनिक प्रतिक्रियाका लागि लोकप्रिय संचार माध्यम मार्फत छोटो सुची सहितको सूचना सार्वजनिक गर्ने।

७. सुचिकृत गरिएका व्यक्ति एवं उपरोक्त मापदण्ड, कार्ययोजना एवं व्यक्ति बिगतको पृष्ठभुमिको आधारमा समितिमा परेका आवेदन उपर अध्ययन गर्ने |

८. सार्वजनिक सुनुवाई आयोजना गरी संक्षिप्त सूचीमा समाविष्ट व्यक्तिहरूबाट प्रस्तुति गराउने र प्रश्नोत्तरको अवसर दिने। सार्वजनिक सुनुवाईमा पीडित, नागरिक समाज तथा मिडियाको प्रतिनिधिमुलक उपस्थिति सुनिश्चित गर्ने। त्यसरी सुनुवाइ गर्दा सम्बन्धित उम्मेदवारले सत्य निरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोगमा विचाराधिन रहेका झण्डै ६६ हजार उजुरीको निरुपण, सत्य, न्याय, परिपुरण र संस्थागत सुधार लगायतका ऐनमा उल्लेखित बृहत्तर कार्यभार बहन गर्ने कार्ययोजना, जवाफदेहिता, पारदर्शिता, सुचना सम्प्रेषण, पीडितको सुरक्षा, गोपनियता, मनोपरामर्श, पीडित लगायतका सरोकारवालाहरुसंगको सहकार्य, पीडित केन्द्रित एवं लैंगिक संबेदनशील कार्यप्रणाली, लगायतको योजना प्रस्तुत गर्न लगाउने |

९. उम्मेदवारको पृष्ठभूमि अध्ययन, प्राप्त सुझाव तथा प्रतिक्रिया, शान्ति निर्माणमा अनुभब, योजना, सार्वजनिक सुनुवाईमा गरिएको प्रस्तुति लगायतको अध्ययन /मूल्यांकन गरी उत्कृष्ट उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गुर्ने |

१०. अब बन्ने दुवै ओटा आयोगमा पिडीतको प्रतिनिधीको व्यवस्था गरिनु पर्ने मुख्य सुझाव छ।

पीडित लगायतका सरोकारवालाहरुले विश्वास र सहकार्य गर्ने, पीडितलाई न्याय दिने एवं शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने समग्र सुल्टो प्रक्रिया अविलम्व अबलम्वन गर्न, हरेक प्रक्रियामा पीडित समुदायको अर्थपूर्ण सहभागिता र परामर्श सुनिश्चित गर्न सरकार, राजनैतिक दल, सिफारिस समिति एवं सम्बन्धित सबैमा पुनः जोडदार माग गर्दछौं।

**ध्यानाकर्षण गराउने द्वन्द पीडित संघसंस्थाहरु**

१. द्वन्द्व पीडित साझा चौतारी
२. द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल
३. अपांगता भएका द्वन्द्व पीडितहरूको राष्ट्रिय सञ्जाल,
४. द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल,
५. राष्ट्रिय स्मृति सञ्जाल,
६. माओवादी पीडित राष्ट्रिय संघर्ष समिति, नेपाल,
७. बेपत्ता परिवार समाज नेपाल,
८. द्वन्द्व प्रभावित सरोकार केन्द्र, दाङ
९. न्यायका लागि द्वन्द्वपीडित समाज,
१०. नेपाल माओवादी पीडित संघ,
११. द्वन्द्व व्यवस्थापन तथा विस्थापित सरोकार केन्द्र,
१२. द्वन्द्वपीडित अपांग संघ, दोलखा,
१३. बाँदरमुढे घटनापीडित सरोकार समिति,
१४. द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जाल, बाँके,
१५. द्वन्द्वपीडित स्वरोजगार तथा सीपमूलक तालिम केन्द्र, मोरङ,
१६. बेपत्ता परिवार समाज नेपाल, सुनसरी,

जमुना रोका

१७. झापाली बेपत्ता स्मृति स्तम्भ पार्क,
१८. द्वन्द्वपीडित टुहुरा समाज,
१९. द्वन्द्वपीडित अधिकार मञ्च म्याग्दी
२०. द्वन्द्वपीडित कृषक हकहित संरक्षण समाज कैलाली,
२१. द्वन्द्वपीडित महिला राष्ट्रिय संजाल, म्याग्दी,
२२. द्वन्द्वपीडित तथा एकता विकास केन्द्र,
२३. द्वन्द्वपीडित शिक्षक समाज
२४. द्वन्द्वपीडित राष्ट्रिय समाज
२५. द्वन्द पिडित समाज कोशी प्रदेश
२६. द्वन्द पीडित महिला राष्ट्रीय संजाल, रोल्पा

जमुना रोका